ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५ औं वर्ष

# सन्देश

प्रदेश 'क' वर्ग

Hetauda Sandesh Daily

वर्ष:२५ ॥ अंक: ३४९ ॥ बुधबार २७ जेठ २०८३ ॥ दशमी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Wednesday 10 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

## अत्यावश्यक वस्तुको सूचीमा २५

सन्देश संवाददाता

काठमाडौं/नेपाल सरकारले देशभरका २५ वटा अत्यावश्यक सेवामा हडताल गर्न कानुनीरूपमा निषेध गरेको छ। गृह मन्त्रालयको सिफारिसमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) अन्तर्गत प्राप्त अधिकार प्रयोग गरी सरकारले जेठ २५ गते नेपाल राजपत्रमा यो सूचना प्रकाशित गरेको हो।

सरकारले निषेध गरेका सेवाहरूमा डाक, तार, टेलिफोन, इन्टरनेट र सञ्चार सेवादेखि लिएर जल, स्थल र हवाईमार्गको यातायात सेवासम्म पर्छन्। त्यस्तै अस्पताल, स्वास्थ्य केन्द्र र एम्बुलेन्स सेवा, औषधि उत्पादन तथा वितरण, खानेपानी, विद्युत र पेट्रोलियम पदार्थको ढुवानी तथा वितरण सेवामा पनि हडताल गर्न पाइने छैन।

दैनिक जनजीवनसंग प्रत्यक्ष जोडिएका खाद्यान्न, दाल, चामल, नुन र तेलको पैठारी, ढुवानी तथा वितरण सेवा पनि यस निषेधाज्ञाको दायरामा परेका छन्। बैंकिंङ, बिमा, पर्यटन, होटेल तथा रेष्टुराँ सेवा, भेटेरिनरी सेवा, मौसम पूर्वानुमान सेवा, राहदानी विभाग र कन्सुलर सेवा पनि यसैमा समावेश रहेका छन्।

हवाई अड्डाको सञ्चालन, सरकारी छापाखाना सेवामा समेत हडताल गर्न नपाइने भएको छ।

## 'बालेन बाहिर नबोल्ने, भित्र आत्मसमर्पण'



सन्देश संवाददाता

हेटौंडा/नेकपा एमाले केन्द्रीय सदस्य देवी ज्ञवालीले निर्वाचन परिणामबाट पार्टीलाई लागेको धक्काको धैर्यतापूर्वक सामना गर्दै उठ्ने र अगाडि बढ्ने बताएका छन्।

मकवानपुरगढी गाउँपालिका कमिटीद्वारा नेकपा एमाले मकवानपुरका सल्लाहकार परिषद्का तत्कालीन अध्यक्ष तथा पुराना कम्युनिष्ट नेता बलराम हुमागाईंको वार्षिक स्मृतिमा आयोजित श्रद्धाञ्जली कार्यक्रमलाई सम्बोधन गर्दै नेता ज्ञवालीले बालेन सरकारले छोटो समयमा नै राष्ट्रियता, लोकतन्त्र, विकास र समृद्धिप्रति घात गरेको बताए। उनले सफलतामा हौसिने र असफलतामा आत्तिने पार्टी नेकपा एमाले होइन भन्दै वर्तमान सरकारले बाहिर नबोल्ने तर भित्र आत्मसमर्पण गरेको बताए। उनले सरकारको गलत रवैयाका कारण जनतालाई 'न्याउरी मारी पछुतो' भएको दाबी गर्दै देश र जनताप्रतिको निष्ठा, त्याग र समर्पणले फेरि उठ्ने बताए। उनले निरंकुश पञ्चायती व्यवस्थाको कठिन समयमा पार्टी विस्तारमा हुमागाईंको महत्वपूर्ण योगदान रहेको चर्चा गर्दै काममा विश्वास गर्ने तर पददेखि टाढा रहने व्यक्तित्व उनी रहेको उल्लेख गरे।

केन्द्रीय सदस्य रामेश्वर रानाले पार्टीजीवनलाई व्यवस्थित बनाउँदै श्रमजीवी मजदुर वर्गको हित र लोककल्याणकारी कार्य, सामाजिक र आर्थिक रुपान्तरणलाई पार्टीले प्राथमिकता दिएको बताए। हाल मुलुकको अगाडि राष्ट्रियता, संविधान र लोकतन्त्रमाथि अतिक्रमण भइरहेकाले जनताको रगतसँग साटेर ल्याएको उपलब्धि रक्षाका लागि जनतालाई थप संगठित गर्नुपर्ने बताए। हुमागाईं असल कम्युनिष्ट नेता भएको बताउँदै उनको राजनीति र सामाजिकरुपमा उनले पुऱ्याएको योगदानको चर्चा गरे।

कार्यक्रममा नेकपा एमाले केन्द्रीय लेखा आयोग सदस्य नवीन सिग्देलले पार्टी कार्यकर्ताले एकजुट भएर आआफ्नो जिम्मेवारीबहन गरे पार्टीजीवन बलियो बन्ने अनि हुमागाईंको आदर्श र योगदानलाई कम्युनिष्ट कार्यकर्ताले अनुशरण गर्नुपर्ने बताए। कार्यक्रममा प्रदेश कमिटी सदस्य निर्मला देबकोटा, जिल्ला सचिव सीता बिष्ट, जिल्ला सदस्यहरु विदुर हुमागाई, मेम्बर लो, खिलप्रसाद चौलागाई, रामजी सापकोटा, जिल्ला सल्लाहकार परिषद् अध्यक्ष चेतनाथ खतिवडा, बलराम हुमागाई फण्डेसन अध्यक्ष तथा उनका जेठा छोरा विजय हुमागाई लगायतको उपस्थिति थियो।

कार्यक्रममा हुमागाईका समकालीन मित्रहरु अर्जुन हुमागाई, रोमप्रसाद न्यौपाने र हरि अधिकारीले हुमागाईंको बाल्यकाल, राजनीतिक र सामाजिक पृष्ठभूमि र योगदानबारे बिस्तृत चर्चा गरेका थिए।

कार्यक्रममा बलराम हुमागाई फाउण्डेसनका तर्फबाट नेपाल पोलिटेक्निक इन्ष्टिच्युटमा भेटेरिनरी विषय अध्ययनरत् विपन्न, जेहेन्दार विद्यार्थी गोकर्ण दाहाललाई २० हजार नगद छात्रवृत्तिसमेत प्रदान गरिएको थियो। श्रद्वाञ्जली कार्यक्रम मकवानपुरगढी गाउँपालिका कमिटी अध्यक्ष जितबहादुर घिमिरेको सभाध्यक्षतामा भएको हो।

## भूपेन्द्रले त्यागे एमाले

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिकाका भूपेन्द्र रानामगरले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पार्टी तथा संगठित सदस्यता परित्याग गरेका छन्। बागमती प्रदेश कमिटी अध्यक्षलाई सम्बोधन गर्दै उनले २०७२ सालदेखि विद्यार्थी संगठनमार्फत् पार्टीमा आवद्ध भइ विभिन्न गतिविधि तथा अभियानमा सक्रिय सहभागिता जनाएको उल्लेख गरेका छन्।

पार्टीमा रहँदा प्राप्त अनुभव, सहकार्य तथा सिकाइप्रति उनले आभार व्यक्त गरेका छन्। राजीनामा पत्रमा रानामगरले वर्तमान परिस्थितिमा स्वतन्त्र नागरिकका रुपमा रहने निर्णय गरेको जनाउँदै पार्टी सदस्यता तथा संगठित सदस्यता परित्याग गरेको बताएका छन्। उनले पार्टीभित्र व्यक्तिपूजा, टीके प्रणाली, नातावाद, कृपावाद तथा फरियावाद जस्ता प्रवृत्ति रहेको आरोप लगाएका छन्। उनले जेनी आन्दोलनपछि फेसबुकमार्फत्समेत आफू पार्टीमा आबद्ध नरहेको उल्लेख गरेका छन्। समाजको समृद्धि, सुशासन र विकासका लागि आगामी दिनमा पनि नागरिकको हैसियतबाट रचनात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।




### हेटौंडा औद्योगिक क्षेत्र

## उद्योगहरुले तिरेनन् २० करोड ९० लाख



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १ सय ३१ उद्योगबाट २० करोड ९० लाख ३१ हजार ७ सय ३ रुपियाँ बक्यौता रकम असुल गर्न बाँकी छ। हेटौंडा औद्योगिक क्षेत्रको पशुपति पेलेट फिड प्राइभेट लिमिटेडले ३ करोड ७५ लाख, सोही औद्योगिक क्षेत्रको गोर्खा लाहारी प्राइभेट लिमिटेडले ३ करोड २० लाख बक्यौता तिर्न बाँकी छ।

प्राप्त विवरणअनुसार नेपालका प्रमुख ९ वटा औद्योगिक क्षेत्रमा रहेका उद्योगले ठूलो परिमाणमा रकम तिर्न बाँकी छ। तथ्यांक केलाउँदा बक्यौता रकम अर्बौंको हाराहारीमा पुगेको छ। सूचनाअनुसार पाटन औद्योगिक क्षेत्रमा रहेका ९४ वटा उद्योग र फर्महरुले बक्यौता तिर्न बाँकी छ। यस क्षेत्रको कुल बक्यौता १० करोड ९० लाख ४८ हजार १ सय ७७ भन्दा बढी छ। बालाजु औद्योगिक क्षेत्रमा रहेका १ सय ५१ उद्योगको सबभन्दा बढी बक्यौता रकम असुल गर्न बाँकी छ।

जसअनुसार ४३ करोड ९८ लाख ६७ हजार ५ सय ५५ भन्दा बढी रकम भुक्तानी गर्न बाँकी देखिएको छ। प्रतिवेदनअनुसार औद्योगिक क्षेत्र उल्लेख नभएको एक क्षेत्रमा रहेका ३६ उद्योगबाट ७१ लाख ३१ हजार ६ सय ३९ बक्यौता असुल्न बाँकी रहेको बताईएको छ।

पोखरा औद्योगिक क्षेत्रमा रहेका ७१ वटा उद्योगले ४ करोड ४१ लाख बढी बक्यौता राखेका छन्। बुटवल औद्योगिक क्षेत्रमा रहेका ५८ उद्योगको ४ करोड ५७ लाख ८५ हजार बढी तिर्न बाँकी छ। नेपालगञ्ज औद्योगिक क्षेत्रमा रहेका १६ उद्योगले १ करोड ३४ लाख २५ हजार, वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा रहेका २७ उद्योगबाट ६ लाख ६२ हजार, भक्तपुर औद्योगिक क्षेत्रमा रहेका १७ उद्योगबाट १ करोड ७१ लाख ६८ हजार, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र राजविराजभित्र रहेका २० उद्योगबाट ६३ लाख ३२ हजार बक्यौता असुल गर्न बाँकी रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जनाएको छ।

विभिन्न औद्योगिक क्षेत्रमा रहेर उद्योग सञ्चालन भएकामध्ये अत्यधिक बक्यौता रकम बाँकी रहेको उद्योगहरुमा पाटन औद्योगिक क्षेत्रभित्र रहेका एग्रो थाइ फुड्स प्राइभेट लिमिटेडले ९ करोड ८४ लाख ३१ हजार, बुटवल औद्योगिक क्षेत्रको बुटवल धागो कारखानाले ३ करोड ९२ हजार ७० हजार, पोखरा औद्योगिक क्षेत्रभित्रको मदन ल्याण्ड एग्रीकल्चरले १ करोड २१ लाख, बालाजु औद्योगिक क्षेत्रको भ्याली कोल्डस्टोरले ८६ लाख ४४ हजार, पाटन औद्योगिक क्षेत्रको सगरमाथा अक्सिजन नेपालले ८८ लाख २८ हजार, बालाजु औद्योगिक क्षेत्रको पूजा इन्टरनेसनलले ७७ लाख ८१ हजार, पाटन औद्योगिक क्षेत्रको अशोक एनटीई सर्भिसेजले ७० लाख १३ हजार, पोखरा औद्योगिक क्षेत्रको सञ्जीवनी अक्सिजन ग्यासले ७० लाख र ब्राइट फिड प्राइभेटले २४ लाख ८७ हजार बक्यौता तिर्न बाँकी छ।

भक्तपुर औद्योगिक क्षेत्रको कृति टेक्टसाइल्सले २ करोड ८६ लाख, पाटन औद्योगिक क्षेत्रमा रहेको आन्तरिक राजस्व कार्यालयले १ करोड ६९ लाख, सोही औद्योगिक क्षेत्रको शान्ति फुड्स प्राइभेट लिमिटेडले १ करोड ४६ लाख, बालाजु औद्योगिक क्षेत्रमा रहेको नेपाल चलचित्र विकास कम्पनीले १ करोड ४० लाख र नेपाल ग्यास उद्योगले १ करोड ३१ लाख तथा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा रहेको कृष्ण खाद्य उद्योगले १ करोड २२ लाख बक्यौता रकम तिर्न बाँकी छ।

नेपालका विभिन्न औद्योगिक क्षेत्रभित्र सञ्चालित सयौं उद्योगले वर्षौंदेखि जग्गा, भवन, विद्युत् र पानी प्रयोग गरेबापत् महसुल नतिरेपछि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सात दिनभित्र बक्यौता रकम तिर्न सूचना जारी गरेको छ। बालाजुस्थित लिमिटेडको केन्द्रीय कार्यालयले जेठ २५ गते सार्वजनिक सूचना जारी गर्दै बक्यौता रकम बुझाउन ७ दिने अन्तिम म्याद दिएको छ। बक्यौता रकम नतिर्नेमा निजीक्षेत्रका उद्योगदेखि सरकारी स्वामित्वको आयोजनादेखि कार्यालयसम्म छन्। कतिसम्म भने सरकारी स्वामित्वको सञ्चार गृहसम्मले वर्षौंदेखि सरकारलाई जग्गा, भवन, विद्युत् र पानी लगायतको सेवा प्रयोग गरेबापत् नियमितरुपमा बुझाउनुपर्ने महसुल नबुझाइएको पाइएको छ।

महसुल बुझाउन ताकेदा गर्दासमेत अटेर गरी बहाल महसुल नबुझाउँदा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मत गर्न र उद्योगलाई प्रदान गर्ने सेवासुबिधा उपलब्ध गराउन कठिनाइ भएको जनाएको छ। बक्यौता नतिर्ने उद्योगहरुको सूचीमा मुलुकका प्रतिष्ठित व्यावसायिक घरानादेखि साना उद्योगसम्म ४ सय भन्दा बढी फर्म छन्। तोकिएको समयभित्र रकम भुक्तानी नगरे औद्योगिक क्षेत्रले उपलब्ध गराउँदै आएका सेवासुबिधाहरु (जग्गा, भवन, विद्युत, पानी) कटौती गर्ने र सम्झौता खारेज गरी कानुनी प्रक्रिया अगाडि बढाउने चेतावनी लिमिटेडले दिएको छ।

सूचनामा उल्लेख भएअनुसार यस बक्यौता रकम २०८३ बैशाख मसान्तसम्मको कुल हिसाब हो। कतिपय उद्योगले विगत धेरै वर्षदेखि नियमितरुपमा जग्गा र भवनको बहाल तथा विद्युत् र पानीको महसुल नबुझाएको लिमिटेडले जनाएको छ। पटकपटक ताकेता गर्दा पनि उद्योगीहरुले अटेर गरेपछि सार्वजनिक रुपमा नाम किटान गरेर सूचना जारी गर्नुपरेको लिमिटेडको दाबी छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यस पछिल्लो कदमले औद्योगिक क्षेत्रभित्रको आर्थिक अनुशासन कायम गर्न मद्धत पुग्ने अपेक्षा गरिएको छ। अर्बौंको बक्यौता उठ्न नसक्दा औद्योगिक क्षेत्रको विकास र पूर्वाधार निर्माणमा अवरोध पुगेको छ। अबको एक हप्ताभित्र कति उद्योगले रकम चुक्ता गर्छन् र कतिमाथि कारबाही हुन्छ, त्यो भने हेर्न बाँकी छ। यति ठूलो संख्यामा उद्योगहरु डिफल्टर हुनुले नेपालको औद्योगिक वातावरण र कानुनी परिपालनाको अवस्थामाथि पनि गम्भीर प्रश्न उठाएको छ।




## प्रदेशस्तरीय कम्युनिटी कोचिङ कोर्स सम्पन्न



सन्देश संवाददाता

हेटौंडा/अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा हेटौंडामा सञ्चालित बागमती प्रदेशस्तरीय कम्युनिटी कोचिङ कोर्स सम्पन्न भएको छ। तल्लो तहदेखि फुटबलको विकास तथा दक्ष प्रशिक्षक उत्पादन गर्ने उद्धेश्यले सञ्चालन गरिएको कोर्समा बागमती प्रदेशका १३ जिल्लाका ९१ जना प्रशिक्षार्थी सहभागी भएका थिए।

हेटौंडा-६, गौरीटार रंगशालामा सञ्चालन भएको तालिममा फुटबलका आधारभुत सिद्धान्त, खेलकौशल, प्रशिक्षण पद्धति तथा खेलका आधुनिक नियमबारे सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण प्रदान गरिएको थियो। तालिम सफलतापूर्वक पूरा गरेका सहभागीहरुले भविष्यमा एन्फाको 'सी' लाइसेन्स कोचिङ कोर्समा सहभागी हुने अवसर प्राप्त गर्नेछन्।

**उखान:** तालुमा आलु

**॥ ॥ बेलाको बोली ॥ ॥**

भविष्य तिनीहरूको पक्षमा हुन्छ । जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्दछन् ।

- इलेनोर रुजवेल्ट

## सम्पादकीय

# थोत्रा गाडिको ब्यवस्थापन गर

विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा ८ हजार र नेपाल प्रहरीको अभिलेखमा करिब २५ सयले बर्सेनि नेपालको सडक दुर्घटनामा ज्यान गुमाउन बाध्य भएका छन् । संख्याको यो अन्तरले पनि सडक दुर्घटनाको तत्थ्याङ्क फरक पर्नाले वास्तविकता बुझ्न कठिन भएके देखिएको छ । बर्तमान सरकारले पनि बिगतकै पदचिन्ह पछ्याएको जस्तो देखिन्छ । हालै सरकारले सार्वजनिक यातायात क्षेत्र अहिले अव्यवस्थित रहेको बताउँदै यसलाई व्यवस्थित र सुरक्षित बनाउने सोचका साथ केही समयका लागि नयाँ दर्ता रोकेको र त्यसबीचमा आवश्यक अध्ययन र सुधारका योजना अघि बढाइने बताएको छ ।

सरसर्ती हेर्दा सही र सकारात्मक देखिने सरकारको यस निर्णयका पछाडिको नियत सही छ भने पनि प्रक्रिया गलत देखिन्छ । सुधारका लागि अध्ययन गर्नुपर्ने थियो भने नयाँ दर्ता रोक्ने वा नरोक्ने निर्णय पनि त्यसपछि नै गर्नु प्रक्रियागतरुपमा उपयुक्त हुन्थ्यो । स्पष्ट छ, सार्वजनिक यातायातमा पहिले नयाँ सवारी दर्ता गर्न रोक्ने अनि अध्ययन थाल्ने सरकारको निर्णय यस क्षेत्रप्रतिको परम्परागत हेराइबाटै प्रभावित छ । अर्थात्, सार्वजनिक यातायातका यात्रुको सुरक्षा र सुविधालाई बेवास्ता गर्ने सरकारी हेलचेक्र्याइँकै एउटा कडी हो भन्न सकिन्छ । सार्वजनिक यातायातका समस्यामा थोत्रा सवारी साधनको सञ्चालन पनि प्रमुखमध्येको हो । धेरै दुर्घटनामा थोत्रा र मापदण्ड नपुगेका सवारी साधन कारक हुनेगरेको देखिन्छ । तर, सार्वजनिक यातायातका साधनले मापदण्ड पूरा गरे नगरेको जाँच भने बिरलै हुन्छ ।

नेपाली सडकमा प्रहरीले यदाकदा गर्ने छड्के सवारी जाँच यात्रुको संख्या, गन्तव्यजस्ता औपचारिकतामा सीमित हुनेगरेको देखिन्छ । अर्कोतिर, चालकरसहचालकको व्यवहार, जथाभावी भाडा असुली, महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि आरक्षित सिटको दुरावस्था र डिजिटल प्रविधि प्रयोगको अभावमा त कसैले ध्यानै दिएको देखिँदैन । त्यसैले नयाँ दर्ता रोक्नुभन्दा थोत्रा गाडीहरु सार्वजनिक यातायात सेवाबाट हटाउन सरकारको ध्यान जानुपर्छ । बेला बेलामा ल्याइएका नियमहरूमा स्वार्थ बाझिएको हो कि भन्ने प्रश्न उठेको छ । यसका लागि वर्तमान सरकारले थोत्रा सवारी साधनहरुको पुन दर्ता तथा नविकरण खारेजीको प्रक्रिया सुरु गर्नुपर्ने भएको छ ।

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको ।

*ऋणको भारी बोक्दै उत्पादनको सपना:*

# बजेटमा महत्वाकांक्षा धेरै, कार्यान्वयनमा चुनौती



✍रमेशकुमार बोहोरा




सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयांको महत्वाकांक्षी बजेट सार्वजनिक गर्दै उत्पादन वृद्धि, डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, निजी क्षेत्रको सहभागिता र प्रशासनिक सुधारमार्फत् आर्थिक रूपान्तरणको नयाँ खाका प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको बजेटलाई सरकार पक्षले 'आर्थिक पुनर्जागरणको आधार' भनेको छ । तर, बजेटका प्राथमिकता, स्रोत व्यवस्थापन, ऋणको बढ्दो भार, चालु खर्चको चाप तथा विगतको कमजोर कार्यान्वयन अवस्थालाई हेर्दा सरकारको घोषणाभन्दा यथार्थ फरक दिशातर्फ संकेत गरिरहेको देखिन्छ ।

बजेटले उत्पादन, प्रविधि र निजी क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि यसको ठूलो हिस्सा अझै पनि तलब, भत्ता, प्रशासनिक खर्च र ऋण भुक्तानीमा केन्द्रित छ । कुल बजेटमध्ये १२ खर्ब ७० अर्ब रुपैयाँ चालु खर्चमा छुट्याइएको छ, जुन कुल बजेटको झण्डै ६० प्रतिशत हो । पुँजीगत खर्च ४ खर्ब ३१ अर्ब रुपैयाँ मात्र छ भने ४ खर्ब २२ अर्ब रुपैयाँ वित्तीय व्यवस्थापन शीर्षकमा विनियोजन गरिएको छ । यसमध्ये ठूलो रकम सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुनेछ ।

नेपालको सार्वजनिक ऋण २९ खर्ब रुपैयाँ नाघिसकेको अवस्थामा विकास खर्चभन्दा ऋण व्यवस्थापनमा बढी स्रोत खर्चिनुपर्ने अवस्था सिर्जना भएको छ । राजस्वको ठूलो हिस्सा ऋण तिर्नमै खर्च हुन थालेपछि सरकारको विकास गर्ने क्षमता क्रमश: कमजोर हुँदै जान्छ । बजेटले उत्पादन र रोजगारीको कुरा गरे पनि त्यसका लागि आवश्यक वित्तीय आधार ऋणको दबाबले खुम्चिँदै गएको संकेत देखिन्छ ।

सरकारले बजेटमार्फत् मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा सरकारी निकाय खारेज गर्ने तथा प्रशासनिक संरचना पुनर्गठन गर्ने घोषणा गरेको छ । यो निर्णयलाई प्रशासनिक सुधारतर्फ सकारात्मक कदमका रूपमा हेरिएको छ । तर बिगतमा पनि यस्ता घोषणा धेरै भए पनि कार्यान्वयनमा प्रभावकारी परिणााम नआएकाले यसपटक पनि शंका उब्जिएको छ । सरकारी संयन्त्रमा संरचनागत सुधारभन्दा राजनीतिक भागबण्डा र कर्मचारीतन्त्रको प्रतिरोध ठूलो चुनौती बन्ने देखिन्छ ।

यस वर्षको बजेटको सबैभन्दा चर्चित पक्ष सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) मा केन्द्रित योजनाहरू हुन् । सरकारले पहिलो पटक सार्वभौम एआई कम्प्युटर केन्द्र स्थापना गर्ने घोषणा गरेको छ । हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी युवालाई सहुलियतमा उपलब्ध गराउने, रिमोट वर्कलाई कानुनी मान्यता दिने, स्टार्टअपलाई कर छुट उपलब्ध गराउने तथा नेपाललाई डिजिटल अर्थतन्त्रतर्फ उन्मुख गराउने लक्ष्य राखिएको छ ।

युवा जनशक्ति विदेश पलायन भइरहेका बेला प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने सरकारी प्रयास स्वागतयोग्य मानिए पनि नेपाल जनता कार्यान्वयन पक्षलाई लिएर आशंकित छन् । नेपालमा अझै आधारभूत डिजिटल पूर्वाधार, उच्च गतिको इन्टरनेट, दक्ष जनशक्ति तथा अनुसन्धान संस्कृतिको अभाव रहेको अवस्थामा एआई केन्द्रित कार्यक्रम घोषणामै सीमित हुने जोखिम रहेको उनीहरूको भनाइ छ ।

निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले व्यक्तिगत आयकरको सीमा बढाएको छ भने अधिकतम करदर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारेको छ । औद्योगिक कच्चा पदार्थमा भन्सार घटाइएको छ । ३६० प्रकारका वस्तुमा अन्त:शुल्क हटाइएको छ । स्टार्टअप कम्पनीलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था गरिएको छ । गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी गर्न खुला गरिएको छ ।

यी व्यवस्थाले निजी क्षेत्रलाई केही राहत दिने अपेक्षा गरिएको छ । तर, व्यवसायीहरू सरकारको नीतिगत अस्थिरता, प्रशासनिक झण्झट, लगानी सुरक्षा तथा कमजोर बजार मागलाई अझै प्रमुख समस्याका रूपमा औंल्याइरहेका छन् । निजी क्षेत्रले कर छुटभन्दा बढी नीतिगत स्थिरता र लगानीमैत्री वातावरण खोजिरहेको अवस्था छ ।

कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने उद्देश्यले भूमि बैंक, करार खेती, उत्पादनमा आधारित अनुदान, डिजिटल मल वितरण प्रणाली तथा कृषि लगानीमा ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिएको छ । कृषि उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने सरकारी लक्ष्य सकारात्मक भए पनि बिगतका अनुभव उत्साहजनक छैनन् । वर्षौंदेखि कृषि अनुदान वितरणमा देखिएको अनियमितता, पहुँचवालाको कब्जा तथा कमजोर अनुगमनका कारण किसानसम्म कार्यक्रमको वास्तविक लाभ पुग्न सकेको छैन ।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन र निर्यातलाई निरन्तरता दिइएको छ । बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणलाई अगाडि बढाउने घोषणा गरिएको छ । पूर्वाधार विकासअन्तर्गत फास्ट ट्र्याक, राजमार्ग स्तरोन्नति, रेलमार्ग र डिजिटल पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ । तर, बिगतमा पुँजीगत बजेट खर्च गर्ने सरकारी क्षमता अत्यन्त कमजोर रहेको तथ्यले यस पटकका लक्ष्यहरू पनि चुनौतीपूर्ण देखिएका छन् । लोकतन्त्र स्थापना गर्नका लागि महत्वपूर्ण भुमिका लेख्ने सञ्चारगृहको विषयमा भने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिनेबाहेक अन्य कुनै पनि योजना ल्याएको छैन । अझ अनलाइन मिडियालाई छुट्याउँदै आएको रकम भने काटिएको देखिन्छ ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि भए पनि सुधारको गति अपेक्षाकृत कमजोर देखिन्छ । डिजिटल शिक्षा, सीपमूलक शिक्षा र अनुसन्धानलाई जोड दिइएको छ । 'सिक्दै कमाउँदै' कार्यक्रममार्फत् विद्यार्थीलाई पढाइसंगै रोजगारीको अवसर दिने योजना ल्याइएको छ । तर, सार्वजनिक विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, विश्वविद्यालय सुधार तथा श्रम बजारसंग शिक्षा प्रणाली जोड्ने ठोस संरचनागत कार्यक्रम भने अझै अस्पष्ट छन् ।

स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बिमा कार्यक्रम पुन:संरचना, टेलिमेडिसिन विस्तार तथा मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ । यद्यपि निजी अस्पतालमा उपचार गराउने बिरामीबाट स्वास्थ्य समता शुल्क उठाउने निर्णयले स्वास्थ्य सेवाको लागत बढ्ने सम्भावना देखिएको छ । त्यस्तै निजी विद्यालयमाथि थप कर लगाइएकाले शिक्षा क्षेत्र पनि थप महंगो बन्न सक्ने अनुमान गरिएको छ ।

बजेटले मध्यमवर्गलाई केही कर राहत दिएको भए पनि विद्युत् उपभोगमा भ्याट, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा थप आर्थिक भार सिर्जना गर्ने नीतिले नागरिकलाई राहतभन्दा थप बोझ थप्ने जोखिम पनि देखिएको छ । सरकार एकातिर स्वच्छ ऊर्जा प्रयोग बढाउन चाहन्छ भने अर्कोतिर ५० युनिटभन्दा बढी विद्युत् खपतमा करको भार थपिरहेको छ । यस्तो नीति आफैंमा विरोधाभासपूर्ण देखिएको टिप्पणी भइरहेको छ ।

बजेटको अर्को महत्वपूर्ण कमजोरी समावेशी विकासको सवालमा देखिएको छ । दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, भूमिहीन, सीमान्त किसान तथा अपांगता भएका नागरिकका लागि लक्षित कार्यक्रम अपेक्षाकृत कमजोर देखिएका छन् । सामाजिक न्यायको नारा बजेटमा दोहोरिएको भए पनि त्यसलाई कार्यान्वयन गर्ने ठोस कार्यक्रम र पर्याप्त स्रोत विनियोजन भने देखिंदैन ।

संघीयताको मूल मर्म स्थानीय तहलाई सबल बनाउनु भए पनि वित्तीय समानीकरण अनुदान घटाइएको छ । यसले स्थानीय सरकारमार्फत् सञ्चालन हुने विकास तथा सामाजिक कार्यक्रम प्रभावित हुन सक्ने चिन्ता बढाएको छ । स्थानीय तहमा स्रोत घटाउंदै केन्द्रमा शक्ति केन्द्रित गर्ने प्रवृत्ति संघीयताको भावना विपरीत रहेको टिप्पणी हुन थालेको छ ।

सरकारले बजेटमार्फत् आर्थिक गतिविधि बढाउने, रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र लगानी आकर्षित गर्ने महत्वाकांक्षी लक्ष्य प्रस्तुत गरेको छ । तर बिगतका वर्षहरूमा पुँजीगत खर्च न्यून रहने, ठेक्का प्रणाली अस्तव्यस्त हुने, आयोजना समयमै सम्पन्न नहुने, भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने तथा सुशासन कमजोर रहने समस्या जस्ताको तस्तै छन् ।

विश्लेषकहरूका अनुसार नेपालको समस्या बजेटको आकार होइन, कार्यान्वयनको कमजोरी हो । प्रत्येक वर्ष नयाा कार्यक्रम घोषणा गरिए पनि परिणाम नागरिकले महसुस गर्न सक्ने स्तरमा पुग्न सकेको छैन । यही कारण यस वर्षको बजेट पनि घोषणा र यथार्थबीचको दूरी घटाउन सफल हुन्छ कि हुँदैन भन्ने प्रश्नको घेरामा परेको छ । समग्रमा बजेट २०८३/०८४ ले उत्पादन वृद्धि,डिजिटल रूपान्तरण, निजी क्षेत्रको सहभागिता तथा प्रशासनिक सुधारलाई केन्द्रमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरेको देखिन्छ । तर, बढ्दो सार्वजनिक ऋण, उच्च चालु खर्च, कमजोर कार्यान्वयन क्षमता, सामाजिक न्यायका सवालमा अपर्याप्त सम्बोधन तथा सुशासनको चुनौतीले बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

घोषणामा महत्वाकांक्षी, तर स्रोत व्यवस्थापनमा ऋणनिर्भर र कार्यान्वयनमा पुरानै कमजोरी बोकेको यो बजेटले वास्तवमै आर्थिक रूपान्तरणको आधार तयार गर्छ वा अर्को वर्ष पनि अधुरा प्रतिबद्धताको सूचीमा सीमित हुन्छ भन्ने प्रश्नको उत्तर अब सरकारको कार्यशैलीले दिनेछ । नागरिकले बजेटको भाषण होइन, आफ्नो जीवनस्तरमा देखिने परिवर्तन खोजिरहेका छन् ।

(लेखक: अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव छन् ।)

## तपाईंको आज

**मेष:** प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि लक्ष्मी बाहिरिने सम्भावना् उच्च देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनु पर्छ ।

**बृष:** स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ । गतिलाई पछ्याउने प्रयास गर्नुहोला । धैर्य एवं लगनशीलताले उपलब्धि दिलाउनेछ ।

**मिथुन:** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । थप हौसला जगाउनेछ ।

**कर्कट:** काममा अनायासै बाधा व्यवधान देखा पर्न सक्नेछ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । समग्रमा स्थिति सामान्य बन्नेछ ।

**सिंह:** विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ भने सुधार गर्ने मौका छ ।

**कन्या:** परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ ।

**तुला:** अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दु:ख पाइनेछ ।

**बृश्चिक:** बेसुरमा आश्वासन दिने बानीले पनि दु:ख पाइनेछ । तत्काल योजना सार्वजनिक नगर्नुहोला । आफन्त रिसाउने तथा काम बिग्रने डरले सताउन सक्छ ।

**धनु:** पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामाजिक काम गर्ने सु अवसर प्राप्त हुनेछ । कडा मिहिनेतले जीवन शैलीमा परिवर्तन आउनेछ ।

**मकर:** प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**कुम्भ:** विभिन्न स्रोत-साधन जुट्नेछन् । थन्किएका वस्तुको उपयोग हुनेछ । सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**मिन:** नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्ने योग छ । दाजुभाइमा मित्रताको बन्धनसमेत कसिनेछ ।

हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३०
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# सरकार अथवा गभरमेन्ट भनेको के हो ?



✍रामहरी बाजे




एउटा पावरहाउसको डिजल इन्जिन जस्तै हो सांकेतिक भाषामा गफ गरे जस्तै हुन पनि सक्ला गभर्मेन्ट भनेको गभर्नर हो । हरेक मिसिमका मेकानिकल इलेक्ट्रिकल हाइड्रोलिक न्युमेटिकल जुनसुकै शक्तिबाट सञ्चालित भए पनि त्यसमा स्वचालित यन्त्र गभरनर जडित हुन्छ । पूर्ण स्वचालित र अर्ध स्वचालित दुई किसिमका हुन्छन । यी दुईमध्ये चालकको हातमा एक्सिलेटर भएको मेसिन अर्धस्वचालित हुन्छ ।

त्यो इन्जिनले लोडअनुसार आफैले इन्धन फ्युल कन्ट्रोल गर्न पाउदैन, चालकले त्यसको नाकमा नत्थी लाएको पशु जस्तै पारेको हुन्छ, जुन मेसिनको एक्सलेटर पुरै गनर्भरले आफैले लोड अनुसार फ्युल कन्टोल गरेर चल्छ, त्यसलाई पूर्ण स्वचालित मानिन्छ ।

यस्ता गभर्नरमध्ये मानिसदेखि हरेक प्राणीका शरिरमा पनि हुन्छ । जस्तै एउटा व्यक्तिले सारै मन परेको पुस्तक ध्यानमा पढिरहेको बेलामा रमाउदै मुस्कुराउदै गर्दा गालामा एउटा लामखुट्टेले टोक्यो भने उसको एउटा हातले आफ्नै गालामा पड्काइदिन्छ । त्यो बेला इमरजेन्सी कन्ट्रोल गभर्नरले आफै चलाइदिन्छ । कुनै भैसी बसेर मस्तले उग्राइरहेको बेलामा उसको अंगमा कुनै झिंगाले टोक्नासाथ उसको पुच्छरले स्वचालित भएरै त्यही हिर्काएर त्यसलाई लखेटिहाल्छ । यस्ता उदाहरणहरु सयौं हुन सक्छन् । माथि लेखिएका केही मात्र हुन ।

अब लागौं सत्य उदाहरणतर्फ । मैले आफैले प्राक्टिकली विभिन्न मेसिन औजारहरुको मर्मत संभारका क्रममा जे जती अनुभव गरें नि त्यो नयां पिढीसम्म पुगोस् भनेरै यो सानो लेख लेख्ने प्रयास गरेको हुं ।

हेटौडा र विराटनगरमा क्रुड डिजल इञ्जिनहरु जडान थिए, त्यसको पावर केन्द्रीय प्रसारण लाइनमा जोडी त्यसैबाट ठूला सिमेन्ट, फलाम र क्रसर आदि उद्योगहरुमा जोडिएका थिए । तिनलाई चाहिने पावर सबैले त्यही मेनलाइन बाटै लिन्थे । कुनै सिमेन्ट उद्योगले आफ्नो उद्योगको मेसिनको स्टार्ट गर्दा त्यसले लिने पावर सबै एकैचोटी मेन लाइनमा पर्नासाथ ती डिजल इन्जिनदेखि लिएर सबै जलविद्युत केन्द्रहरुले एकैचोटी ग्याम्मै अंगालो हालेर आ आफ्नै मेसिनमा जडिएका हाइड्रोलिक न्यूमेटिक सेन्टिफ्युगल मेकानिकलदेखि सबै अनेकन इलेक्ट्रोनिकसम्म सबै टाइपका गभर्नरहरुका आफ्नै सेन्सेभिटीले स्वचालित भएरै त्यो मेनलाइनमा लादिएको लोडको झट्काले असर नपर्ने गरी (सक अवजरभेशन) गर्दै आ-आफ्ना पावरहाउसका युनिटहरुमा झट्का नपर्ने गरी शकअपजर्भेशन गरेर जोगाउने हरेक पावरहाउसका फ्रिकोइन्सी मिटरहरु र राता, हरिया बत्तीहरुले लोड थपिदै गरेको सांकेतिक मात्र होइन, हुटरसमेत बजेर अप्रेटरहरुलाई सतर्क समेत गर्न पनि सक्ने हुंदा हरेक अप्रेटरहरुलाई चनाखो हुने गरी निर्देशन गर्ने काम केन्द्रिय मानव गभर्नरले गर्नु पर्ने हो ।

हो त्यस्तै हरेक जिल्लाका प्रमुख जिल्ला अधिकारीदेखि प्रधानमन्त्रीसम्मको सेन्सेटिभिटी पनि त्यही स्वचालित गभर्नरहरुले आफु आफै सतर्क हुंदै हरेक क्षेत्रले स्वचालित भएरै स्वचालित मानव रोवोट जस्तै बनेर देश साथै जनधनको सुरक्षा गर्दा भैसीको पुच्छरले आफ्ना डडाल्नाको डांस झिंगा धपाए जस्तै गरी स्वचालित हुन नसक्ने जतिले राज्यको तलब भत्ता लिएर त्यही टांसि रहनु भनेको नबोल्ने पशुहरुका अंङ्गहरुमा गाडिएर रगत चुसिरहने काला काला किर्ना जस्तै हुन की भनेर शंका गर्दा के होला ?

माथिका गन्थनहरुमा के प्राविधिक फण्डामेन्टल थेउरीका शब्द सबैले नबुझेमा गभर्नर के हो ? त्यो मेसिन भए पनि सिन्ट्रफूगल फोर्सरुपी उक्त कार्य हुने हुंदा यस विषयमा छलफल गर्न इच्छुकलाई आमन्त्रण गर्दछु स्वागत छ ।

-गल्कोपाखाचोक

# गर्मीमा यसकारण नरिवल पानी पिउने

गर्मी मौसम सुरु भएसँगै तापक्रम तीव्र रूपमा बढ्न थालेको छ । यस्तो अवस्थामा शरीरलाई चिसो र हाइड्रेटेड राख्नु एउटा ठुलो चुनौती बन्छ । प्राकृतिक पेयहरूमध्ये नरिवल पानीलाई सबैभन्दा उत्तम मानिन्छ, किनकि यसले शरीरलाई तुरुन्तै ताजा बनाउनुका साथै धेरै आवश्यक पोषक तत्त्वहरू पनि प्रदान गर्दछ ।

यसले तिर्खा मेट्नुका साथै स्वास्थ्यमा विभिन्न फाइदा पुर्‍याउँछ । पोषणविद् अतुल उपाध्याय गर्मीमा शरीरलाई चिसो, स्फूर्तिलो र हाइड्रेटेड राख्न नरिवल पानी अमृत समान मानिने बताउँछन् ।

***शरीरमा पानीको पूर्ति :***

नरिवल पानीमा करिब ९४% पानी र इलेक्ट्रोलाइट्स हुन्छन्, जसले गर्मीमा पसिनाबाट गुमेको पानीको मात्रा छिट्टै पूरा गर्छ ।

***पाचन प्रक्रियामा सुधार***

यसमा पाइने फाइबरले पाचन प्रणालीलाई स्वस्थ राख्छ र पेट फुल्ने वा ग्याँसको समस्या कम गर्छ ।

***ऊर्जा र थकान कम गर्न***

यसले शरीरलाई तुरुन्तै शक्ति प्रदान गर्छ, जसले गर्दा गर्मीको थकान र कमजोरी महसुस हुँदैन ।

***तौल नियन्त्रण***

यसमा क्यालोरी, चिल्लो (फ्याट) र चिनीको मात्रा एकदमै कम हुन्छ, जसले तौल घटाउन वा नियन्त्रणमा राख्न मद्दत गर्छ ।

***मुटुको स्वास्थ्य***

नरिवल पानीमा पाइने पोटासियम र म्याग्नेसियमले रक्तचाप नियन्त्रण गर्न र खराब कोलेस्ट्रोल घटाउन सहयोग गर्छ ।

***चम्किलो छाला***

यसमा एन्टीअक्सिडेन्ट र भिटामिन सी प्रशस्त मात्रामा हुन्छ । यसको नियमित सेवनले छालालाई हाइड्रेट गरी प्राकृतिक चमक ल्याउँछ ।

*साभार : स्वास्थ्य खबर*

# 'महिलालाई हाँसोको पात्र बनाउने प्रवृत्ति रोक्नुपर्छ'



काठमाडौँ/हास्य कलाकार सीता न्यौपाने नेपाली कमेडी क्षेत्रमा सक्रिय र स्थापित कलाकार हुन् । स्ट्यान्डअप कमेडी र टेलिभिजन कार्यक्रममार्फत् दर्शकमाझ परिचित छिन् । पुरुष कलाकारहरूको बाहुल्य रहेको नेपाली कमेडी क्षेत्रमा उनले आफ्नै पहिचान बनाएकी छन् ।

कलाकार न्यौपाने दर्शकलाई हँसाउने कलाकार मात्र होइन्, महिला सम्बन्धी रूढिवादी सोच र विभेद विरुद्ध खुलेर आवाज उठाउने सशक्त व्यक्तित्व पनि हुन् । उनले कमेडी क्षेत्रमा महिलाको सहभागिता, समान अवसर र लैङ्गिक संवेदनशीलताका विषयमा खुलेर आफ्ना धारणा राख्दै आएकी छन् ।

कमेडीमार्फत् समाजका विभिन्न पक्षमाथि प्रश्न उठाउँदै आएकी उनले चौथो काठमाडौं कलिङ साहित्य महोत्सवमा 'पुरानो हांसो नयाँ जोक्स' शीर्षकमा भएको छलफल कार्यक्रममा महिलाको सम्मान र समान अवसरको पक्षमा धारणा राखेकी छन् । उनै सीताले राखेको विचारको सम्पादित अंश:

यो महिलाहरूलाई फेसबुकमा हालेर दुई चार डलर पाउँछु कि भन्ने आस छ मान्छेहरूलाई, बुढो भए पनि ।

महिलाहरूलाई लिएर अझै पनि हाँसोको पात्रहरू बनिरहेको हुन्छ समाजमा । हाम्रो कमेडी क्षेत्रमै हेरौं न, सुन्ताला स्याउ हालेर लेडिज बनेर । अनि जोकहरूमै धेरै ठाउँमा मैला भन्ने । लेडिज भनेको फोहोरमैला नै भन्ने । फोहोर महिला भन्ने कुराहरू मेरो मनमा पहिलेदेखि पर्थ्यो । यो फिल्डमा आउनुको कारण पनि यही हो ।

म शारीरिक बनोटअनुसार केटी भए पनि दिमाग चाहिँ मेरो केटाजस्तो छ । म डराउँदिन । बोल्दिन्छु यो कुरो भएन, यो ठिक हुँदैन भनेर । लेडिजहरूलाई यो क्यार क्टराइज गरेर अनि हासोँको पात्र बनाउने, उडाउने गर्नु ठिक होइन जस्तो लाग्छ । त्यही भएर यी कुराहरू जसरी पनि रोक्नुपर्छ ।

स्टेजमा महिला बनेर जाँदा त केटाहरूलाई धेरै छुन खोज्ने, धेरै जिस्किने गर्छन् भनेर सुनिन्छ । रियल महिलाहरू कति पेलिन्छन् होला ? हाम्रो समाजले कति पेल्छ ? हामीलाई कति समाजमा बाँच्न गाह्रो छ भन्ने कुरा । यसको लागि पुरुषहरूलाई नै पुरुषहरूले यो कुरामा सहज बनाए ।

# 'आधा रकममा चित्त बुझाउन बाध्य

**चितवन/चैते धान रोपाईंकै समयमा सरकारले घोषणा गरेको न्यूनतम् समर्थन मूल्य किसानले अझै पनि पाएका छैनन् । गत चैतमा कृषि तथा पशुपक्षी विकास वन तथा वातावरणमन्त्री गीता चौधरीको पहलमा चैते धानको न्यूनतम् समर्थन मूल्य निर्धारण गरिएको थियो । सरकारले धानको न्यूनतम् समर्थन मूल्य प्रतिक्वीन्टल दुई हजार ८ सय ५६ रुपियाँ तोक्दा किसानले उत्पादनको उचित मूल्य सुनिश्चित हुने अपेक्षा गरेका थिए ।**

**विगतमा धान पाकिसकेपछि मात्र मूल्य निर्धारण गर्ने परिपाटी तोडिएको भन्दै किसानले यसलाई सकारात्मक कदमका रुपमा स्वागत गरेका थिए । तर, धान भित्र्याउने बेला आइपुग्दा भने त्यो मूल्य व्यवहारमा लागु हुन नसकेर कागजमै सीमित बनेको किसानहरुको गुनासो छ । चितवनका किसानहरु हाल आफ्नो उत्पादन बजारमा बेच्दा सरकारले तोकेको मूल्यको आधाजति रकममा चित्त बुझाउन बाध्य भएको बताए । यसले उत्पादन लागतसमेत नउठ्ने अवस्था सिर्जना भएको खैरहनी नगर पालिकाका किसान गणेशकुमार श्रेष्ठले बताए ।**

**डेढ बिघा जमिनमा खेती गर्दै आएका श्रेष्ठले यसपालि धानको उत्पादन घट्नुका साथै समर्थन मूल्य पनि नपाउँदा आफू दोहोरो मारमा परेको बताए । उनका अनुसार एक बिघामा धान खेती लगाउँदा न्यूनतम् २० हजार खर्च हुने गरेको छ । रोपाईका लागि खेतालाको ज्याला प्रतिव्यक्ति नौं सय रुपियाँ तथा मलखादको मूल्य पनि महंगो भएको श्रेष्ठले बताए । 'लागत मूल्य उठाउनमात्र पनि धानको मूल्य प्रतिक्वीन्टल चार हजार जति हुनुपर्छ,' श्रेष्ठले भने-सरकारले समर्थन मूल्य तोक्यो भनेर खुसी भएका थियौं । तर, हाल बजारमा त्यसको कुनै अर्थ देखिएन । उनले आवश्यक समयमा मल सहजरुपमा नपाइने समस्यासमेत रहेको गुनासो गरे ।**

**किसान सुवास थापाले कृषि उत्पादनको लागत निरन्तर बढ्दै गए पनि किसानले उत्पादन गरेको धानको मूल्य भने घट्दै गएको बताए । उनका अनुसार ट्रयाक्टरको भाडा, मजदुरी र कृषि सामग्रीको खर्च बढ्दो छ । 'खेतालाको ज्याला एक हजार पुगिसक्यो । ट्रयाक्टरको भाडा पनि महंगो छ,' उनले भने-यस्तो अवस्थामा कम्तिमा तीन हजार रुपियाँ प्रतिक्वीन्टल मूल्य भए किसानलाई केही राहत हुन्थ्यो । थापाले छिमेकी जिल्लाका केही स्थानीय तहले धान खरिदका लागि दर निर्धारण गरेर किसानलाई सहयोग गरिरहेको उल्लेख गर्दै चितवनमा त्यस्तो पहल नदेखिएको गुनासो गरे ।**

**अघिल्लो वर्ष व्यापारीबीच प्रतिस्पर्धा हुँदा धानको मूल्य प्रतिक्वीन्टल दुई हजार ८ सय रुपियाँसम्म पुगेको स्मरण गर्दै उनले यसपटक किसानमाथि अन्याय भएको दु:खेसो पोखे । चितवनका अधिकांश किसानले हाल फरक-फरक मूल्यमा धान बिक्री गरिरहेका छन् । कतिपय किसानले प्रतिक्वीन्टल एक हजार ५ सय रुपियाँ पाएका छन् भने कतिले एक हजार ८ सय रुपियाँ प्रतिक्वीन्टल सम्ममा बिक्री गरेका छन् । किसान धनीराम चौधरीले पहिले पाँच कठ्ठाको धान बेचेर परिवारको खर्च धान्न सकिने अवस्था रहेकोमा हाल त लागत उठाउन पनि गाह्रो भएको बताए । 'हाल धानमा आवश्यक पर्ने बेलामा मलको अभाव छ, जोताइको खर्च बढेको छ,' उनले भने-सरकारले किसानलाई हेर्नुपर्छ ।**

**कृषि विकास कार्यालय चितवनका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत झलकनाथ कँडेलले समर्थन मूल्य घोषणामात्र गरेर नहुने भन्दै खरिद सुनिश्चित गर्न सरकारी संयन्त्र र बजार व्यवस्थापन दुवै आवश्यक हुने बताए । उनका अनुसार किसानको उत्पादन बजारसम्म पुऱ्याउने, खरिद प्रणालीलाई व्यवस्थित बनाउने र समर्थन मूल्य कार्यान्वयन गराउने विषयमा राज्यको सक्रियता अपरिहार्य छ । 'न्यूनतम् समर्थन मूल्य घोषणामात्र गरेर हुँदैन । त्यस मूल्यमा खरिद सुनिश्चित गर्न सरकारी संयन्त्र र बजार व्यवस्थापन दुवै आवश्यक हुन्छ,' उनले भने-किसानको पक्षमा सहजीकरण गर्नुपर्ने देखिएको छ ।**

**सरकारले १८ प्रतिशत् चिस्यान भएको चैतेधानका लागि समर्थन मूल्य तोकेको थियो । यदि चिस्यान मात्रा १८ प्रतिशत्भन्दा बढी भएमा प्रतिक्वीन्टल एक किलो दुई सय ग्रामका दरले तौल घटाएर मूल्य कायम गर्ने व्यवस्था गरिएको छ । गत आर्थिक वर्षको तुलनामा यस वर्ष समर्थन मूल्य प्रतिक्वीन्टल ५५ रुपियाँ ८० पैसा बढाइएको थियो । अघिल्लो वर्ष चैतेधनको न्यूनतम् समर्थन मूल्य दुई हजार ८ सय रुपियाँ थियो ।**

**सरकारले समर्थन मूल्य घोषणा गरेर किसानलाई उत्साहित बनाउने तर व्यवहारमा लागु गर्न नसक्ने सरकारी कमजोरीले किसानहरु दोहोरो मारमा परेका किसान अगुवाहरु बताउँछन् । उत्पादन लागत बढ्दो, बजार मूल्य घट्दो र सरकारी संयन्त्र निष्क्रिय हुँदा किसानको श्रम र उत्पादनको मूल्य अझै सुरक्षित हुन नसकेको किसान उपभोक्ता महासंघ सदस्य रिता बस्ताकोटीले बताइन् । सीमित हुँदा आफूहरु निराश हुनुपर्ने अवस्था रहेको बस्ताकोटीको भनाइ छ ।**

# वीरगञ्जका मेयर निलम्बनमा

**काठमाडौं/वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दादायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा सिंहसहित ७ जनाविरुद्ध मुद्दादायर गरेको हो । अब उनी निलम्बनमा परेका छन् ।**

**अरुकी छोरीलाई आफ्नी छोरी दाबी गरी झुटो विवरणका आधारमा नेपाली नागरिकता दिलाएको आरोपमा उनीहरुविरुद्ध आरोपपत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ । मेयर सिंहले सिन्धुपाल्चोक, इन्द्रावती गाउँपालिका वडा नम्बर-१० की रीता भट्टराईकी छोरी रुबिना श्रेष्ठलाई आफ्नी छोरी बनाएर नागरिकता दिलाएका थिए । २०७१ कात्तिक २० गते वीरगञ्ज महानगरपालिका-३ को कार्यालयमा रुबिना श्रेष्ठको झुटो विवरण राखी जन्मदर्ता प्रमाणपत्र बनाइएको थियो ।**

**सोही जन्मदर्ता प्रमाणपत्रका आधारमा वडाबाट सिफारिस गराइ जिल्ला प्रशासन कार्यालय पर्साबाट २०७५ साउन १३ गते रुबिनाको नाममा नागरिकता जारी गरिएको थियो । गलत विवरणका आधारमा नागरिकता जारी गर्ने प्रक्रियामा संलग्न रहेको भन्दै जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत षडकुमार पोखरेललाई पनि प्रतिवादी कायम गरिएको छ ।**

*एसियन गेम्स छनोट :*

# नेपाल च्याम्पियन



काठमाडौँ/नेपाल एसियन गेम्स पुरुष छनोट प्रतियोगितको च्याम्पियन बनेको छ । सिङ्गापुरस्थित सिङ्गा ओभल मैदानमा सोमबार भएको फाइनल खेलमा नेपालले हङकङलाई १९ रनले हरायो । नेपालले अपराजित रहँदै उपाधि जितेको हो । वर्षाले प्रभाविक खेलमा हङकङले दिएको एक सय ८९ रनको लक्ष्य पछ्याएको नेपालले ११.३ ओभरमा दुई विकेटको क्षतिमा एक सय १४ रन बनाउँदा भारी वर्षा भएपछि खेल रोकिएको थियो । त्यसपछि खेल सुचारु हुन नसक्दा नेपाल डकवर्थ लुईस प्रणाली (डिएलएस) का आधारमा विजेता बनेको हो ।

नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ६५ रन बनाए भयो । उनले ४० बलमा आठ चौका र तीन छक्काको सहयोगमा उक्त रन बनाए रोहितकुमार पौडेलले ३५ रन बनाए । बलिङमा हङकङका आयुश शुक्ला र इशान खानले एक एक विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ८८ रन बनाएको थियो ।

हङकङका लागि अशुंमन रथले सर्वाधिक ८० रन बनाए । उनले ४५ बलमा ६ चौका र ६ छक्काको सहयोगमा उक्त रन बनाएका हुन । यस्तै सहिद वासिफले ५५ र शिव माथुरले २६ रन बनाउनुभयो । बलिङमा नेपालका शेर मल्लले चार विकेट लिनुभयो । करण केसीले दुई तथा सन्दीप लामिछानेले एक विकट लिनुभयो । शेर मल्ल प्लेयर अफ दी म्याच भए ।

*साभार : खास कुरा*

# 'निजीक्षेत्रलाई केही हदसम्म अलमल्याइयो'




काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले आर्थिक वर्ष २०८३/०८४ को बजेटले निजीक्षेत्रलाई केही हदसम्म अलमल्याएको भए पनि समग्रमा सुधारका संकेत देखिएको भन्दै सावधानीपूर्वक सकारात्मक दृष्टिकोण राख्नुपर्ने बताएका छन् ।


महासंघद्धारा आयोजित नीतिसंवादमा धारणा राख्दै अध्यक्ष श्रेष्ठले बजेटलाई केवल वार्षिक आय-व्ययको विवरणका रुपमा होइन, देशको आर्थिक दिशानिर्देश गर्ने दस्ताबेजका रुपमा हेर्नुपर्ने बताए । उनका अनुसार बजेटले लगानी वातावरण सुधार, उत्पादन वृद्धि र रोजगारी सिर्जनाको दृष्टिले मूल्यांकन गर्नुपर्ने हुन्छ, जसअनुसार केही सकारात्मक संकेत देखिए पनि अझै पूर्ण विश्वसनीयता हासिल भइसकेको छैन । उनले दीर्घ समयदेखि अर्थतन्त्र संरक्षणवादी संरचना, अनौपचारिकता र प्रशासनिक जटिलतामा अल्झिएको उल्लेख गर्दै बजेटले ती संरचनागत् समस्या तोड्ने प्रयास गरेको संकेत सकारात्मक भए पनि कार्यान्वयन नै मुख्य चुनौती रहेको बताए ।

हाल बैंकिङ प्रणालीमा पर्याप्त तरलता भए पनि कर्जा माग कमजोर रहेको, निजी लगानी सुस्त रहेको र उद्योगहरुको क्षमता उपयोग घट्दो अवस्थामा रहेको भन्दै उनले बजेटले आर्थिक गतिविधिमा पुन: गति ल्याउने अपेक्षा गरिएको उल्लेख गरे । लगानी सहजीकरणका व्यवस्था, वैदेशिक लगानीका लागि स्वचालित स्वीकृति प्रणाली, पुँजी फिर्ता प्रक्रियाको सहजता तथा भेञ्चर क्यापिटल, प्राइभेट इक्विटी र एञ्जेल इन्भेस्टमेन्ट प्रवर्द्धनलाई उनले सकारात्मक कदमका रुपमा मूल्यांकन गरे । तर, यी नीतिहरु प्रभावकारी हुन अन्तर निकाय समन्वय अनिवार्य रहेको उनको भनाइ थियो ।

उद्योग क्षेत्रका लागि विशेष आर्थिक क्षेत्रको उपयोग, साना तथा मझौला उद्यमका लागि वित्तीय सहजीकरण र रोजगारी सिर्जनामा लक्षित प्रयास स्वागतयोग्य भए पनि व्यवहारिक कार्यान्वयन स्पष्ट हुनुपर्ने आवश्यकता उनले औंल्याए । ऊर्जा, पुँजी बजार र डिजिटल अर्थतन्त्रतर्फ बजेटले दीर्घकालीन दृष्टिकोण प्रस्तुत गरेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले ऊर्जाक्षेत्रमा निजी लगानी विस्तारले निर्यातमुखी अर्थतन्त्र बनाउन सक्ने बताए । पुँजी बजारमा करप्रणाली सुधार र संरचनागत् पुनर्संरचनाले बजार गहिरो बनाउने सम्भावना भए पनि परिणाम कार्यान्वयनमा निर्भर रहने उनले स्पष्ट पारे ।

तर, कर भार अपेक्षित रुपमा घट्न नसकेको, कच्चा पदार्थमा राहत अपर्याप्त रहेको तथा कृषिमा केही उपकरणमा करवृद्धि भएको विषयले उत्पादन लागतमा असर पार्न सक्ने चिन्ता उनले व्यक्त गरे । कर विवाद समाधानको समयसीमा छोटो हुनु र स्टार्टअप कार्यक्रमको स्पष्ट कार्यान्वयन ढाँचा नहुनु चुनौतीका रुपमा देखिएको उनको भनाइ छ । अध्यक्ष श्रेष्ठले बजेटका प्रमुख चुनौतीहरु कार्यान्वयनसँग सम्बन्धित रहेको उल्लेख गर्दै पुँजीगत् खर्चको कमजोरी, परियोजना ढिलाइ र निकायगत् समन्वय अभाव समाधान नभएसम्म सकारात्मक नीतिहरुको प्रभाव देखिन कठिन हुने बताए ।पनि निजीक्षेत्र अझै सावधानीपूर्वक आशावादी रहेको उनको निष्कर्ष छ ।

# क्रिटिक्स अवार्डमा हरिवंश र आना उत्कृष्ट अभिनेता-अभिनेत्री



काठमाडौं/चलचित्र समीक्षक समाज, नेपाल (फिक्सन) ले 'क्रिटिक्स फिल्म अवार्ड २०८२' को नतिजा सार्वजनिक गरेको छ । अवार्डमा चलचित्र 'ऊनको स्वीटर' उत्कृष्ट फिल्म घोषित भएको छ ।

फिक्सनले २०८२ सालभरि प्रदर्शनमा आएका नेपाली चलचित्रको अध्ययन, प्राविधिक विश्लेषण तथा वस्तुनिष्ठ मूल्यांकनका आधारमा विभिन्न विधामा उत्कृष्ट स्रष्टा र चलचित्र छनोट गरिएको जनाएको छ ।

समाजले मंगलबार प्रेस विज्ञप्तीमार्फत् सार्वजनिक गरेको नतिजाअनुसार 'ऊनको स्वीटर'का नवीन चौहान उत्कृष्ट निर्देशक घोषित भएका छन् । अभिनयतर्फ 'भूठान'का हरिवंश आचार्य उत्कृष्ट अभिनेता तथा 'रमिताको पिरती'की आना शर्मा उत्कृष्ट अभिनेत्री घोषित भएकी छन् ।

त्यस्तै, 'ऊनको स्वीटर'का नवीन चौहान र सुरज कटुवाल उत्कृष्ट पठ कथाका लागि पुरस्कृत भएका छन् । प्राविधिक विधातर्फ 'भूठान'का सुशन प्रजापति उत्कृष्ट छायाङ्कन तथा अञ्जय खड्का उत्कृष्ट सम्पादन विधामा विजेता बनेका छन् । यस्तै, कोबिद बज्र 'ऊनको स्वीटर'का लागि उत्कृष्ट पार्श्व संगीततर्फ सम्मानित भएका छन् ।

फिक्सनले नेपाली चलचित्रको गुणात्मक विकास, मौलिकता र समीक्षात्मक चेतनालाई प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१४ देखि 'क्रिटिक्स फिल्म अवार्ड' प्रदान गर्दै आएको जनाएको छ । समाजका अनुसार अवार्ड वितरण समारोहको मिति र स्थानबारे पछि जानकारी गराइने र सबै पक्षमा काम गर्ने बताए ।

# भाटभटेनीमा आईएनआई सिनेमाज



**भैरहवा/रुपन्देहीको सिद्धार्थनगरस्थित भाटभटेनी सुपर स्टोरमा अत्याधुनिक सुबिधासम्पन्न आईएनआई सिनेमाज सञ्चालनमा आएको छ । भाटभटेनी सुपरस्टोरको पाँचौं तलामा स्थापना गरिएको मल्टिप्लेक्स शुक्रबारदेखि औपचारिकरुपमा सञ्चालनमा आएको हो ।**

**बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वारका रुपमा रहेको भैरहवामा पछिल्ला वर्षहरुमा पर्यटन, होटल, व्यापार तथा सेवाक्षेत्र विस्तार भइरहेका बेला आधुनिक मनोरञ्जन पूर्वाधारका रुपमा आईएनआई सिनेमाज थपिएको हो । यसले स्थानीय दर्शकलाई गुणस्तरीय सिनेमा हेर्न सुबिधा उपलब्ध गराउने विश्वास गरिएको छ । हल संरक्षक तथा व्यवसायी दीपक कुँवरले भैरहवा तीव्ररुपमा विकसित हुँदै गएको व्यावसायिक तथा पर्यटन केन्द्र भएकाले आधुनिक सिनेमा हलको आवश्यकता महसुस गरी लगानी गरिएको बताए । मनोरञ्जन क्षेत्रसँगै स्थानीय अर्थतन्त्र र रोजगारी प्रवर्द्धनमा समेत यसले योगदान पुऱ्याउने विश्वास उनको छ ।**

**कम्पनी निर्देशक आभाष कुँवरले विदेशमा हासिल गरेको अनुभवलाई नेपालमा उपयोग गर्दै आधुनिक मनोरञ्जन क्षेत्रको विकासमा योगदान गर्ने उद्धेश्यले भैरहवामा नयाँ मल्टिप्लेक्स सञ्चालन गरिएको बताए । उक्त हलबाट युवालाई स्वदेशमै अवसर सिर्जना गर्न सकिने सन्देश दिन खोजिएको उल्लेख गरे । हल सञ्चालकका अनुसार भाटभटेनीस्थित मल्टिप्लेक्समा दुई वटा अत्याधुनिक अडिटोरियम छन् । प्रत्येक हलमा १ सय ९८ सिट क्षमता छ भने कुल ३ सय ९६ दर्शकले एकपटक सिनेमा हेर्न सक्ने व्यवस्था गरिएको छ । हलमा बेल्जियममा निर्मित बार्को लेजर प्रोजेक्टर, १६ च्यानल डीटीएस-एक्स इमर्सिभ साउण्ड सिस्टम तथा आधुनिक सिटिङ सुबिधा जडान गरिएको जनाइएको छ ।**

**आईएनआई सिनेमाजका सञ्चालक सुरेन्द्र थापाका अनुसार उक्त प्रविधिले दर्शकलाई अन्तर्राष्ट्रियस्तरको सिनेमाको अनुभव प्रदान गर्नेछ । सुरक्षा व्यवस्थालाई समेत प्राथमिकता दिँदै आगलागी प्रतिरोधी सामग्री, आकस्मिक बहिर्गमन मार्ग तथा अन्य आवश्यक सुरक्षा पूर्वाधारको व्यवस्था गरिएको छ । सन् २०१९ मा स्थापना भएको आईएनआई सिनेमाजले हालसम्म काठमाडौं, बुटवल, सिमरा, नवलपुर लगायत विभिन्न स्थानमा मल्टिप्लेक्स सञ्चालन गरिरहेको छ । भैरहवामा नयाँ शाखा सञ्चालन भएसँगै कम्पनीको कुल स्क्रिन संख्या १३ पुगेको छ ।**

**आईएनआई सिनेमाज व्यवस्थापनले भैरहवा, तिलोत्तमा, बुटवल तथा आसपासका क्षेत्रका दर्शकबाट सकारात्मक साथ र सहयोग प्राप्त हुने अपेक्षा गरेको जनाएको छ । कम्पनीका अनुसार सिनेमाका टिकट वेबसाइट तथा डिजिटल भुक्तानी माध्यममार्फत् समेत खरिद गर्न सकिने व्यवस्था गरिएको छ । भैरहवामा सञ्चालनमा आएको नयाँ मल्टिप्लेक्सले लुम्बिनी प्रदेशको मनोरञ्जन तथा पर्यटन क्षेत्रलाई थप चलायमान बनाउने अपेक्षा गरिएको छ ।**

## छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना !

*निवेदक-सन्तराम राई (छोरा)* *जग्गावाला- नर बहादुर राई (बुवा)*

**जिल्ला मकवानपुर साविक हेटौंडा उपमहानगरपालिका वडा नं. ६ को तपशिलबमोजिमका जग्गा नर बहादुर राईको नाममा नापी नक्सा भएको र चौघडा माडि मौजाको रैति नं. १३ को रैति नरबहादुर राईको नाममा साविक भोक लगत कायम भई उल्लेखित तपशिलका जग्गा दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला नर बहादुर राईको मिति २०८२/०५/३ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार दुई पत्नीहरु जेठी पत्नी रत्नकुमारी राईको मिति २०७६/१०/०६ मा मृत्यु भईसकेको र कान्छी पत्नी सुकुमाया राईको मिति २०७९/०९/२३ मा मृत्यु भइकेकोमा जेठीतर्फका छोराहरु जेठो सन्तराम राई, माहिलो धनबहादुर राई र कान्छो दिलबहादुर राइ तथा कान्छी पत्नीको तर्फको एक छोरा देवबहादुर राई भएको र आठ वटी छोरीको समेत जायजन्म भएकोमा विवाह गरी परघर गइसकेकोले फिल्डबुकवालाको अब उपरान्त हकखाने हकदारहरु उल्लेखित छोराहरु सन्तराम राई १, धनबहादुर राई-१, दिलबहादुर राई-१ र देवबहादुर राई-१ गरी चारजना भएको र उल्लेखित जग्गाहरु निजहरुले नै साविकदेखि नै हकभोग तथा भोग चलन गरी आएकोले धनबहादुर राई, दिलबहादुर राई र देव बहादुर राईको मञ्जुरीले निवेदक सन्तराम राइको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउ पनि हेटौंडा उपमहानगरपालिका ६ नम्वर वडा कार्यालयको च.नं. १३३४ मिति २०८२/०९/१४ को हकदार तथा हकभोग खुलेको छुट जग्गा दर्ता तथा नामसार सिम्बन्धि सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सासमेत संलग्न राखी द.नं./मि.नं. ३०० मिति २०८२/१०/०९ मा मागदावी निवेदन पेस हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत:उल्लेखित तपशिलका जग्गाहरु निवेदकहरुको माग दावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदक र मञ्जुरीकर्ताहरुबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्वलगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचना हरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस (३५) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।**

**तपशिल :**


| सि नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला नर बहादुर राई | साविक गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि | कैफियत/ निवेदक | |
| १ | हे.न.पा वडा. ६ बुवा...... बाजे...... | हेटौंडा | ६ | ६८४<br>१२१४ | ०-०-१८.२५<br>०-०-१३.२५ | सन्तराम राई | जि.म.हेटौडा न.पं. चौघडा माडी मौजाको १३ नं. रैति नर बहादुर राई |

**श्री मालपोत कार्यालय**, मकवानपुर








**आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थान:** रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# रास्वपाको बागमती प्रदेश अधिवेशन हेटौंडामा

सन्देश संवाददाता

हेटौंडा/वडा, पालिका, जिल्लामा धमाधम अधिवेशन सम्पन्न गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मंगलबारदेखि प्रदेशका अधिवेशन पनि सुरु भएको छ।

केही जिल्लाबाहेक प्राय: जिल्लामा नयाँ नेतृत्व चयन गरेको रास्वपाले प्रदेशगत अधिवेशन थालनी गरेको हे। रास्वपाले बागमती प्रदेशको अधिवेशन उद्घाटन गरी प्रदेश अधिवेशन सुरु गरेको छ। बागमती अधिवेशन प्रदेश राजधानी हेटौंडामा उद्‍टन भएको छ

पहिलो अधिवेशनमा बागमतीको सभापति पदका लागि दुई जना आकांक्षी देखिएका छन्। हालका बागमती सभापति डा. अच्युत्तम लामिछाने अधिवेशनमार्फत् सोही पदमा दोहोरिन चाहेको बताएका छन्। लामिछानेले सञ्चारकर्मीसंग भने, 'यही जिम्मेवारीमा रहन चाहेको छु। केन्द्रीय समितिमा जाने चाहना अहिलेको लागि छैन।'

अधिवेशनबाट नयाँ नेतृत्व चुनावमार्फत् आउने उनले जानकारी गराए। लामिछानेले भने, 'साथीहरूले पनि इच्छा देखाउनु भएको सुनेको छु। चुनाव होला।' लामिछाने रास्वापको बागमती प्रदेश सभापति स्थापनाकालदेखि छन्।

सभापति पदका लागि अर्को आकांक्षी उत्सव अर्याल देखिएका छन्। अर्याल बागमती समितिमा हाल प्रवक्ता छन्। रास्वपाका केन्द्रीय विभागका एक सदस्यका अनुसार दुवैतर्फबाट प्यानल बनाएर प्रतिस्पर्धा गर्ने तयारी गरिएको छ।

यसैगरी उपसभापतिमा डा. रमेश ढकाल आकांक्षी देखिएका छन्। प्रदेशको स्वास्थ्य विभागमा रहेका ढकाल शंखरापुर अस्पताल सञ्चालक पनि हुन्। उपसभापति पदमा अर्को आकांक्षी मेनुका ठकुरी देखिएको रास्वपाका प्रदेश नेताहरुले जानकारी गराएका छन्। महामन्त्रीमा सुरेन्द्र भट्ट सोही पदमा दोहोरिन चाहेका छन्। महामन्त्री भट्टले हालकै पदको आकांक्षी रहेको जानकारी गराए।

रास्वपाको विधानअनुसार प्रदेशअनुसार कार्यसमितिको आकार फरक–फरक हुने व्यवस्था गरिएको छ।

बागमती प्रदेश समिति ६५ सदस्यीय हुने व्यवस्था गरिएको छ। सभापति, उपसभापति, महामन्त्री १/१ जना हुने व्यवस्था छ। सह–महामन्त्री दुईजना हुने र फरक–फरक लिंगको हुनुपर्ने विधानमा प्रावधान छ। पदाधिकारीमा सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री कोषाध्यक्ष र प्रवक्ता हुने व्यवस्था छ।

निर्वाचन हुने अवस्थामा नयाँ कार्यसमितिका लागि दुई चरण गर्नुपर्ने विधि बनाइएको छ। पहिलो चरणमा सभापति र प्रदेश सदस्यको चुनाव गर्ने व्यवस्था छ। प्रदेश सदस्यमा चयन भएकाहरूबाट थप पदाधिकारी छनोट गर्न प्रतिनिधिहरूले दोस्रो चरणको मतदान गर्नुपर्ने हुन्छ।

रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन भने असार ६ र ७ गते चितवनमा हुँदैछ।

# अनलाइनमार्फत यौनजन्य गतिविधि गर्ने १६ जना पक्राउ

सन्देश संवाददाता

काठमाडौं/काठमाडौंमा अनलाइनमार्फत यौनधन्दा गर्ने गिरोहका १६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

वाट्सएप, फेसबुकलगायतका सामाजिक सञ्जालमार्फत ग्राहक खोजेर होटलमा भेट गरी यौनजन्य गतिविधि गरेको आरोपमा ती १६ जना पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा ४ पुरुष र १२ महिला छन्। प्रहरीका अनुसार पक्राउ पर्नेमा मकवानपुर मनहरी गाउपालिका–२ घर भएका काठमाडौंमा होटल सञ्चालक ३३ वर्षीय विकास भुलन, सर्लाही लालबन्दी नगरपालिका–१४ का ३४ वर्षीय सुनिल तामाङ, मकवानपुर बकैया गाउपालिका–८ का २८ वर्षीय विवेक स्याङ्तान, काठमाडौं महानगरपालिका– ९ शम्भुमार्ग बस्ने राजकुमार गौतम रहेका छन्।

यस्तै महिलाहरूमा पेमा लामा, अञ्जली धिमाल, लक्ष्मी मगर, सम्झना थापा, एलिना तामाङ, कमलामाया लामा, फुर्वामाया तामाङ, शिवानी सुनार, रोशनी लामा, सपना बम, उमादेवी गुरुङ र प्रिया तामाङ रहेको प्रहरीले जनाएको छ।

उक्त गिरोहले फेसबुक, ह्वाट्सएपलगायतका माध्यमबाट युवतीहरूको फोटो तथा भिडियो देखाइ ग्राहकसाग मोलमोलाइ गर्ने, सेटिङ मिलाउने तथा ट्याक्सी र निजी सवारी साधन प्रयोग गरी गौशाला क्षेत्रको शम्भुमार्ग र बत्तीसपुतली क्षेत्रका विभिन्न होटलमा पुऱ्याइ यौनजन्य गतिविधि गराउने गरेको

# मन्त्रीद्वय गुरुङ र पुनद्वारा सपथ ग्रहण

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त मन्त्रीद्वय गृहमन्त्री सुधन गुरुङ र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा आफ्नो पदको पद तथा गोपनियताको शपथ लिएका हुन्।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, प्रधानन्यायाधिश डा. मनोजकुमार शर्मा, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रीगण, सांसदहरू, राजनीतिक दलका प्रमुख एवम प्रतिनिधिलगायतको उपस्थिति थियो। गृह मन्त्रालयमा पुन: सुधन गुरुङ दोस्रो पटक जिम्मेवारी दिइएको हो। सम्पत्तिसम्बन्धी विवादमा तानिएपछि उनीमाथि एक समिति गठन गरि अनुसन्धान गरिएको थियो। मन्त्रिपरिषदको बैठकमा उक्त समितिको प्रतिवेदन पेश भएको थियो।

गृहमन्त्री गुरुङले पदभार ग्रहण गरेसंगै अबदेखि देशमा घटेका हरेक अपराध र घटनाका फाइलहरू खोलिने उद्घोष गरेका छन्। सम्बोधनका क्रममा गृहमन्त्री गुरुङले नारायणहिटी राजदरबार हत्याकाण्डको थप छानबिन गर्नेदेखि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई थप सशक्त बनाउनेसम्मका निर्णयहरू सुनाएका छन्।

गृहमन्त्री गुरुङले २०५८ सालको दरबार हत्याकाण्डको फाइल पुन: खोल्ने निर्णय गरेका छन्। यस्तै उनले जेनजी आन्दोलनको फौजदारी मुद्दा फिर्ता लिने विषयमा अध्ययन गर्ने पनि बताए। आफूमाथि जस्तोसुकै आरोप लगाए पनि थेग्न सक्ने तर नेपाली चेलीहरूलाई दु:ख दिएको सहन नसक्ने उनले बताए। आफूमाथि तथ्यबिनै आरोप लगाएको उनको जिकिर छ।

यसैगरी उनले केन्द्रीय अनुसन्धान ब्युरोलाई अझै बलियो बनाउने दाबी गरेका छन्। छानबिनमा रहेका अनुसन्धान प्रक्रिया टुंगो लगाउने र हरेक फाइल खोल्ने उनले निर्णय गरेका छन्।

# भारतीयहरूको गर्मी छल्ने डेस्टिनेशन नेपाल

सन्देश संवाददाता

काठमाडौं/भारतमा बढ्दो गर्मीबाट राहत खोज्दै आउने भारतीय पर्यटकहरूको चापले काठमाडौं, पोखरा र चितवनसहितका पर्यटकीय गन्तव्यका होटल भरिभराउ भएका छन्। पोखरा हुँदै मुक्तिनाथसम्म पुग्ने भारतीय पर्यटकको संख्या विशेषरुपमा उल्लेख्य रहेको छ। त्यसैगरी, नेपाल हुँदै मानसरोवर यात्रामा निस्किने भारतीय पर्यटकको संख्याले पनि नेपालको आथित्य उद्योग चम्किएको छ।

अहिले भारतको तापक्रम ५० डिग्री सेल्सियससम्म पुगेको छ। अत्यधिक गर्मीका कारण नयाँ दिल्ली, हरियाना र उत्तरप्रदेशका अधिकांश विद्यालय बन्द भएपछि पारिवारिक भ्रमणका लागि निस्कनेहरूको संख्या बढेको हो। यस्तो अवस्थामा गर्मीबाट मुक्ति पाउने उपयुक्त गन्तव्यका रूपमा नेपाललाई रोज्नेहरूको संख्या बढेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले जानकारी दिए।

**पोखरा अभियानको सकारात्मक प्रभाव**

पोखराका पर्यटन व्यवसायी–हरूले लामो समयदेखि भारतका विभिन्न शहरमा गएर सञ्चालन गर्दै आएको 'चलिए पोखरा' अभियानको प्रभाव अहिले विस्तारै देखिन थालेको लामिछानेको भनाइ छ। काठमाडौं म्यारियटका सञ्चालक शशिकान्त अग्रवालले बिगतको तुलनामा यस वर्षको गर्मीयाममा उल्लेख्य संख्यामा भारतीय पर्यटक नेपाल आएको बताए। 'अहिले धार्मिक भ्रमणका साथै खर्चालु भारतीय पर्यटकहरूको पनि रोजाइ नेपाल परिरहेको छ,' उनले भने, 'पाँचतारे होटलको अधिभोग दर बढाउनमा समेत भारतीय पर्यटकको महत्वपूर्ण भूमिका रहेको छ।'

पहिले भारतीय पर्यटकहरू मुख्यत: पशुपतिनाथ दर्शन गरी साना होटलमा बसेर फर्किने गर्थे। तर, अहिले धनाढ्य र खर्चालु पर्यटकहरू पाँचतारे होटलमा बस्न थालेपछि होटल व्यवसायमा सकारात्मक प्रभाव पर्न थालेको व्यवसायीहरू बताउँछन्।

**निजी सवारीमा आउनेको संख्यामा वृद्धि**

होटल एसोसिएसन अफ नेपाल (हान)का कोषाध्यक्ष तथा प्लाजा ग्रुपका अध्यक्ष युवराज श्रेष्ठले भारतीय पर्यटकहरूको संख्या उत्साहजनक रहेको जानकारी दिए। 'सडक पूर्वाधारको असहजका कारण निजी सवारी साधनमा आउनेहरूको संख्या उल्लेख्य रूपमा बढेको छ,' उनले भने, 'अहिले काठमाडौंका अधिकांश होटल भारतीय पर्यटकले नै भरिएका छन्।'

पोखरा पर्यटन परिषद्का उपाध्यक्ष तथा होटल रानिवन अर्किडका सञ्चालक हरि भुजेलले गर्मी लागेसंगै भारतीय पर्यटकको संख्या ह्वात्तै बढेको बताए। 'अहिले पोखराका होटल तथा रेस्टुरेन्ट भारतीय पर्यटकले भरिएका छन्। निजी तथा भाडाका सवारीसाधनमा आउनेहरूको संख्या व्यापक छ, यसले व्यवसायीहरूलाई नयाँ ऊर्जा दिएको छ,' उनले भने।

चितवनको सौराहामा पनि यही अवस्था छ। जंगल सफारी लज सौराहाका कार्यकारी निर्देशक सुमन घिमिरेले बिगत केही वर्षको तुलनामा यस वर्ष जेठ महिनामा भारतीय पर्यटकको संख्या उल्लेख्यरूपमा बढेको जानकारी दिए। 'जेठ महिनालाई पहिले अफ सिजनका रूपमा लिइन्थ्यो, तर यो वर्ष भारतीय पर्यटकहरूको उत्साहजनक उपस्थितिले चहलपहल बढेको छ,' उनले भने।

**मोदीको आग्रहको अप्रत्यक्ष प्रभाव**

एक महिनाअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना नागरिकलाई अमेरिकी डलर बचत गर्न र विदेशी भ्रमणमा कटौती गर्न आग्रह गर्दै स्वदेशभित्रै घुम्न प्रोत्साहित गरेका थिए। यसको अप्रत्यक्ष प्रभावस्वरूप कम खर्चमा भ्रमण गर्न सकिने र भारतीय मुद्रा नै चल्ने नजिकको गन्तव्यका रूपमा नेपाललाई रोज्नेहरू बढेको व्यवसायीहरू बताउंछन्।

हाल भारतीय नागरिकले प्रतिव्यक्ति पाँच हजार अमेरिकी डलर बराबरको भारतीय मुद्रा नेपाल ल्याउन पाउने व्यवस्था छ। यसका साथै भारतीय बैंकहरूमार्फत् क्युआर कोडद्वारा भुक्तानी गर्न सकिने सुविधाले पनि भारतीय पर्यटकका लागि नेपाल झन् सहज गन्तव्य बनेको बताइन्छ। तर यसका लागि मान्यजनलाई सत्कार गरिनेछ।

साभार: क्यापिटलन नेपाल

# पैसा छैन भन्ने जान्दाजान्दै चेक दिनेले ब्याजसमेत तिर्नुपर्ने



सन्देश संवाददाता

काठमाडौं/बैंक खातामा पर्याप्त रकम नभइ चेक काटेर दिने (चेकअनादर) हरुका लागि सर्वोच्च अदालतले एउटा दुरगामी एवम् ऐतिहासिक फैसला सुनाएको छ। अदालतले चेकबाउन्स भएको अवस्थामा पीडितले चेकमा उल्लेख भएको वास्तविक साँवा रकममात्र नभइ मुद्धादर्ता भएको मितिदेखि वार्षिक १० प्रतिशत्का दरले हुने ब्याजसमेत पाउने स्पष्ट पारेको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र बालकृष्ण ढकालको संयुक्त इजलासले चेकअनादरसँग सम्बन्धित एक दशक पुरानो कानुनी विवादको अन्तिम किनारा लगाउँदै यस्तो न्यायोचित आदेश दिएको हो। यस फैसलासँगै अब बैंकिङ कारोबारमा ठगी गर्ने वा खातामा पैसा नभइ चेक दिएर दायित्वबाट पन्छिन खोज्नेहरुमाथि कानुनी कसाइ झन् कडा हुने र वित्तीय अनुशासन कायम हुने देखिएको छ।

सर्वोच्च अदालतले यस फैसलाका लागि साढे एक दशकअघि प्रतिपादित स्थापित कानुनी नजिरलाई मुख्य आधार बनाएको छ, जसअनुसार साहु र असामीबीच लिखितरुपमा भएको कारोबार प्रष्ट छ भने घरायसी व्यवहार वा मौखिक दाबीका भरमा मात्र न्यायनिरुपण गर्न मिल्दैन। लिखितरुपमा चेक काटेर हस्ताक्षर गरिसकेको अवस्थामा पर्याप्त प्रमाणबिना डरत्रास देखाएर सही गराइयो वा यो अन्य घरायसी लेनदेन हो भन्दैमा त्यस्ता तर्कले कानुनी मान्यता नपाउने सर्वोच्चले प्रष्ट पारेको छ।

यस कानुनी विवादको शृंखला २०७२ सालदेखि सुरु भएको हो, जति बेला काठमाडौंकी शकुन्तला खड्का र गोरखा घर भइ हाल नयाँबजार बस्ने संगीता थापाबीच झन्डै २४ लाख लेनदेन भएको थियो। सोही रकम फिर्ता गर्ने क्रममा थापाले २०७३ सालमा दुई फरक बैंकका कुल ९ लाख रुपियाँका दुई वटा चेक खड्कालाई दिएकी थिइन्। तर, खड्काले ती चेकहरु भुक्तानीका लागि बैंकमा लैजाँदा खातामा पर्याप्त मौज्दात नभएको भन्दै बैंकले फर्काएका थिए। आफ्नो रकम डुब्ने अवस्था आएपछि खड्काले विनिमय अधिकारपत्र ऐनलाई आधार बनाउँदै साँवा, ब्याज र सजायको मागसहित कानुनी उपचार खोजेकी थिइन्। विपक्षमा रहेकी थापाले भने आफूले ऋण लिएको स्वीकार गरे पनि त्यस रकम अनौपचारिकरुपमा खेलिने ढुकुटीको भएको र किस्ता तिर्न नसक्दा आफूलाई दबाबमा पारेर खाली चेकमा हस्ताक्षर गराइएको जिकिर अदालतमा गरेकी थिइन्।

मुद्धामा सुरुआतमा काठमाडौं जिल्ला अदालतले २०७४ सालमा

# जर्सी खरिद गर्नेहरुको भीड



सन्देश संवाददाता

काठमाडौं/फिफा विश्वकप फुटबल २०२६ सुरु हुनुपूर्व नेपालमा यसको रौनक सुरु भएको छ। होटल, रेष्टुरेन्ट, इन्टरनेट सेवाप्रदायकहरुले विशेष योजना अगाडि सारेका छन्। त्यो भन्दा पनि नेपालमा विश्वकप सहभागी देशका खेलाडीहरुले प्रयोग गर्ने जर्सी र खेल सामग्रीहरुको व्यापार चम्किएको छ।

ठूलासाना सहरका पसलहरुमा जर्सी र खेल सामग्री खरिद गर्नेहरुको भीड देख्न सकिन्छ। विशेषगरि काठमाडौं उपत्यकाको न्युरोड, महाबौद्ध, असन, लगनखेल क्षेत्रमा जर्सी खरिद गर्नेहरुको भीड बढेको छ। आफूले समर्थन गरेको टिमले प्रयोग गर्ने जर्सी खरिदका लागि फुटबलप्रेमीहरु पसलमा भेटिने गरेका छन्।

फिफा विश्वकप फुटबलको २३ औं संस्करण २०२६ जुन ११ देखि जुलाई १९ सम्म अमेरिका, क्यानडा र मेक्सिकोमा संयुक्तरुपमा आयोजना हुँदैछ। तीन देशले आयोजना गर्न लागेको यस प्रतियोगितामा ३९ दिनसम्म रोमाञ्चक भिडन्त हुने भएको छ। उत्तर अमेरिकी देशमा प्रतियोगिता हुने भए पनि नेपालमा यसको रौनक दिनहुँ बढिरहेको छ। काठमाडौं न्युरोडस्थित हिमालयन अक्स स्पोर्टलगायत पसलहरुमा पुग्दा फुटबल समर्थकहरु आफ्नो टिमको जर्सी खरिदमा व्यस्त देखिन्थे। पसलमा भेटिएका सरोज राई अर्जेन्टिनाका समर्थक हुन्। जर्सी र अन्य सामग्री खरिद गरिरहेका उनले विश्वकप सुरु हुन लागेकोमा बढी उत्साहित छन्। उनी साथीभाइसँग जम्मा भएर ठूलो पर्दामा वा आवश्यकताअनुसार मोबाइलमै भए पनि फुटबलको मज्जा लिने सोचमा रहेको सुनाउँछन्। अर्का अनिल प्रधान सानैदेखि फुटबल खेलपारखी हुन्। प्रधान विश्वकप हेर्न आतुर छन्। सबै टिमलाई सम्मान गर्ने उनी कुनै दिन नेपाल पनि विश्वकपमा पुगेको हेर्न चाहन्छन्। यस्ता ठूला प्रतियोगिताले बालबालिकाहरुलाई खेलकुदबारे बुझ्न र सिक्न थप ऊर्जा र प्रेरणा दिने उनको बुझाइ छ। न्युरोडको हिमालयन अक्स स्पोर्ट्समा जर्सी र खेलकुद सामग्रीको व्यापक माग बढेको पनि पसल सञ्चालनको भनाइ छ।

विगत एक हप्तादेखि पसलमा जर्सी र खेलकुद सामग्री किन्न आउनेहरुको चहलपहल निकै बढेको सञ्चालक महेन्द्र अधिकारीले बताए। पसल सञ्चालक अधिकारीका अनुसार हाल बजारमा सबभन्दा बढी माग पोर्चुगल र अर्जेन्टिनाको जर्सीको माग छ। क्रिस्टियानो रोनाल्डो र लियोनल मेसीका फ्यानहरुका कारण बालबालिकादेखि वयस्कसम्मले यी देशका जर्सी बढी रुचाइरहेका छन्। पोर्चुगलका कतिपय जर्सीहरु त स्टक सकिने अवस्थामा पुगेका छन्। यसबाहेक स्पेन र ब्राजिल (विशेषगरि ब्राजिलको कालो अवे जर्सी) को पनि राम्रो माग छ। काठमाडौंकै होलसेल बजारबाट कलेक्सन गरेर सामान ल्याइने हुनाले ग्राहकको माग धान्न हरसम्भव प्रयास भइरहेको उनले बताए।

उनले खेलकुदका सामग्री किन्न पुरुषमात्र नभएर महिला ग्राहक पनि उत्तिकै संख्यामा आउने गरेको बताए। यहाँ बच्चादेखि ठूलासम्मका लागि ७ सयदेखि २ हजार २ सयसम्मका विभिन्न रेञ्ज र क्वालिटीका जर्सीहरु उपलब्ध छन्। आफ्नो बजेटअनुसार सामान पाइने भएकाले ग्राहकहरु खुशी भएर फर्कने गरेका छन्। खेलप्रेमीहरुका लागि विश्वकपको माहोल एउटा कुम्भमेला वा दशैंजस्तै बनेको छ, जहाँ फुटबल नहेर्नेहरु पनि रमाइलोका लागि जर्सी किन्न पसल धाइरहेका छन्। अन्तरष्ट्रिय खेलहरु, ओलम्पिक वा ठूला क्लब म्याचहरु सुरु भएपछि खेलकुद सामग्रीको बिक्री ह्वात्तै बढ्छ। फुटबलबाहेक नेपालमा क्रिकेटको क्रेज पनि निकै ठूलो छ।

नेपालको राष्ट्रिय क्रिकेट टोलीको जर्सी त सिजन होस् या अफसिजन, विदेश जाने नेपालीहरुले सधैं लैजाने गर्छन्। हिमालयन अक्स स्पोर्ट्सले जर्सीका साथै होमजिमका सामानहरु (डम्बेल, बल) र ब्याडमिन्टनका एसेसरिजहरु पनि बिक्री गर्दै आएको छ। अधिकारी भन्छन्–ग्राहकको सन्तुष्टि नै हाम्रो मुख्य व्यापार हो। काठमाडौंमा मात्र होइन, देशभरका खेलकुद सामग्री पाइने स्पोर्टस् सेन्टरहरुमा जर्सीको व्यापार चम्किएको छ। उद्घाटन खेल सुरुहुनु दुई दिनअघि जर्सी पसलदेखि चिया पसल र रेस्टुरेन्ट देखि ठूलो होटलहरुमा समेत प्रतियोगितालक्षित योजना र गफले माहौल तताएको छ।

विश्वकप फुटबलको अघिल्ला संस्करणमा ३२ टोली सहभागी हुने गरेकोमा यस पटक ४८ राष्ट्रले प्रतिस्पर्धा गर्दैछन्। प्लेअफका खेलहरु सकिएसँगै सहभागी सबै ४८ देशको टुंगो लागिसकेको छ। सहभागी टोलीलाई ४–४ टोली रहने गरी १२ वटा समूहमा विभाजन गरिएको छ। टोली संख्या बढेसँगै नकआउटमा राउन्ड अफ ३२ को नयाँ चरण थपिएको छ। समूह चरणका ७२ खेल र नकआउट चरणसहित यस विश्वकपमा कुल १ सय ४ खेल हुनेछन्। अघिल्लो २०२२ को विश्वकपको तुलनामा फिफाले पुरस्कार राशिमा उल्लेखनीय वृद्धि गर्दै कुल ६५ करोड ५० लाख अमेरिकी डलर

ईतिहासमा गौरव बोकेको, गुणस्तरीय विश्वासिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भविष्य"
भुटनदेवी माध्यमिक बिद्यालयमा
!! भर्ना खुल्यो !!
अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्, अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित
बिषयहरू :
▶ बिज्ञान बिषय (Science)
▶ व्यवस्थापन बिषय (Management)
▶ होटल म्यानेजमेण्ट (Hotel Management)
▶ सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
▶ शिक्षा र कम्प्युटर बिषय (Education & Computer)
॥ ॥ ॥
शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस बिद्यालय हाल ISO Certification प्रक्रियामा अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको शिक्षातर्फ उन्मुख छ।
हाम्रा बिशेषताहरू :
◆ दक्ष तथा अनुभवी शिक्षकहरु
◆ व्यवस्थित कक्षा कोठाहरु
◆ आधुनिक प्रयोगशाला
◆ प्रबिधिमैत्री शिक्षण सिकाई
◆ उत्कृष्ट नतिजा
◆ पर्याप्त खेल मैदान
◆ GPA अनुसार पूर्ण छात्रबृत्तिको व्यवस्था भएको
तपाईको सपना र सफलताको यात्रामा
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला।
भुटनदेवी माध्यमिक बिद्यालय
सम्पर्क: ०५७–५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

# सडकबत्तीको पैसा नतिर्ने पालिका ३५५

सन्देश संवाददाता

काठमाडौं/ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्रालयले हालसम्म विद्युत् महसुल बक्यौता तिर्न बाँकी रहेका उद्योग र पालिकाहरुको सूची सार्वजनिक गरेको छ।

मन्त्रालयले उपलब्ध गराएको सूचीमा डेडिकेटेड/ट्रंकलाइनको महसुल तिर्न बाँकी रहेका उद्योगहरु र सडकबत्ती बापत् बक्यौता तिर्न बाँकी रहेका गाउँपालिका र नगरपालिकाको सूची छ।

हालसम्म डेडिकेडेट फिडर/ट्रंकलाइनबाट विद्युत् उपभोग गरेका ६१ उपभोक्ता (उद्योग) हरुको सूची छ।

त्यसमध्ये ५९ वटाको असुल हुन बाँकी छ। नेपाल टेलिकम मश्याम र सीता फुड इण्डष्ट्रिजले भने बक्यौता असुल गरिसकेको र लगत खारेज गरेको सार्वजनिक सूचीमा उल्लेख छ।

मन्त्रालयका अनुसार अझै २६ अर्ब ९५ करोड ८ लाख ८९ हजार ६ सय रुपियाँ असुल हुन बाँकी छ। यो पुस २०८२ सम्मको बक्यौता हो।

सडकबत्ती बालेबापत् बक्यौता तिर्न बाँकी रहेका गाउँपालिका र नगरपालिकाको संख्या ३ सय ५५ छ। सूची सार्वजनिक गरिएका पालिकाबाट असार २०८२ सम्म ७ अर्ब ९४ करोड ८७ लाख ५४ हजार ८ सय ६ रुपियाँ असुल गर्न बाँकी छ। बक्यौता तिर्न ढिलाइ हुँदा २५ प्रतिशत् थप दस्तुर लाग्छ। यसअनुसार असार २०८२ सम्ममा ९ अर्ब ९३ करोड ५९ लाख ४३ हजार ५ सय १७ रुपियाँ पुग्छ। सडकबत्तीको सबभन्दा धेरै बक्यौता रहनेमा काठमाडौं महानगरपालिका छ। काठमाडौं महानगरको सडकबत्तीको बक्यौता १ अर्ब ९८ करोड ६३ लाख ७१ हजार ५ सय २७ रुपियाँ छ।

ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्रालयले विद्युत् महसुल बक्यौता असुली प्रक्रियालाई नेपाल विद्युत् प्राधिकरणले प्राथमिकतासाथ आफ्नो दैनिक कार्यसूचीमा राखेर अगाडि बढाएको छ।

प्राधिकरण सञ्चालक समिति र प्राधिकरणका उपकार्यकारी निर्देशकहरुको छुट्टाछुट्टै बैठकमा महसुल बक्यौता लामो समयदेखि अल्झिरहेको र रकमसमेत ठूलो रहेको हुँदा यसलाई छिटो फस्र्यौट गर्नुपर्ने सुझाव दिइएको छ। सञ्चालक समितिले प्रशासकीय पुनरावलोकन समितिले गठन गरिसकेको छ।

अब विद्युत् महसुल, जरिवानालगायत विवाद समितिमार्फत् पुनरावलोकन गर्न सकिन्छ। अन्य विषयमा प्राधिकरणको व्यवस्थापन नियमित तरिकाबाट अगाडि बढिनेछ। बिगतमा धेरै अध्ययन, छानविन र निर्णयहरु भइसकेका छन्।

यसमा थप निर्णयको आवश्यकता छैन। ऐन, नियममा के छ, प्रक्रिया के हो त्यहीअनुसार गर्न भनिएको छ। प्राधिकरणको उच्च व्यवस्थापनले बक्यौता असुलीमा मन्त्रालयको निर्देशन कुर्नुभन्दा आफ्नो संयन्त्र परिचालन गर्नेतर्फ ध्यान दिएको छ।

डेडिकेटेड फिडर र ट्रक लाइनका साथै इन्टरनेट सेवाप्रदायक, औद्योगिक क्षेत्र, सडकबत्तीलगायत सबै क्षेत्रको बक्यौता असुली गर्नुपर्ने मन्त्रालयको भनाइ छ।

कानुनी प्रक्रियामा रहेकाबाहेक क्षेत्रमा बक्यौता असुली गर्न प्राधिकरण नअल्मलिने भएको छ। महालेखा परीक्षकको ६३ औं प्रतिवेदनअनुसार देशभरका विद्युत् महसुल बक्यौता ५० अर्ब १ करोड छ। प्राधिकरणले यसअघि पनि बक्यौता बढेको भनेर चिन्ता सातो लिने ब्यक्तिको खांचो छ नेपाली समाजमा।

# स्टार्टअपमा २५ लाखसम्म कर्जा



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर उद्योग वाणिज्य संघको महिला उद्यमी विकास समितिको आयोजनामा एक दिवसीय स्टार्टअप कर्जासम्बन्धि अभिमुखीकरण तथा अन्तर्क्रिया मंगलबार सम्पन्न भएको छ।

मउविस सभापति सीतादेवी भेटवालको सभाध्यक्षतामा भएको कार्यक्रमका प्रमुख आतिथ्यता मउवा संघ अध्यक्ष प्रमोदसिंह रानाभाटले गरेका थिए भने कार्यक्रमका प्रशिक्षक सहजकर्ता संघका आईटी सल्लाहकार किशोर अर्याल रहे। कार्यक्रमका प्रमुख अतिथि तथा मउवा संघ अध्यक्ष रानाभाटले स्टार्टअप कर्जासम्बन्धि महिला उद्यमीका लागि प्रभावकारी कार्यक्रम रहेको, महिला उद्यमीहरुलाई सघाउन अन्य कार्यक्रमहरु पनि भविष्यमा आयोजना गरिने भन्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गरे।

कार्यक्रममा भेटवालले महिला उद्यमशीलतालाई सघाउन कार्यक्रम राखिएको बताइन्। उनले कार्यक्रमलाई महत्वपूर्णरुपमा लिन सहभागिहरुलाई प्रेरित गरिन्। कार्यक्रमका प्रशिक्षक अर्यालले त्रिपुरेश्वरस्थित औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले बिगत तीन वर्षदेखि वार्षिक तीन प्रतिशत् सहुलियत ब्याजदरमा बिनाधितो पाँच वर्षमा फिर्ता गर्नुपर्ने गरी २५ लाखसम्म कर्जा वितरण गरिरहेको बताए। त्यसमा उत्पादनमूलक क्षेत्रले उक्त सहुलियत कर्जा प्राप्त गर्नसक्ने उनले बताए। उनले आवेदन पेश गर्ने अनलाइन विधिदेखि त्यसका लागि आवश्यक कागजातलगायत विषयहरु जानकारी गराए। कार्यक्रममा मउविस सचिव सुनीता श्रेष्ठहाडाले मन्तव्य राखेकी थिइन्।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने